# ११ येशूले "मलाई पछ्याऊ" भनेर आज्ञा दिनुहुन्छ

*<u>यस अध्यायका मूल पदहरू: यूहन्ना</u>* १०:१-५,१६, लूका ९:२, प्रकाश १४:६,७, लूका १९:१-१०, प्रेरित २६:११-२७ र प्रकाश ३:२०।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:</u>* “तर तिनीहरू अपरिचित मानिसलाई कहिल्यै पनि पछ्याउने छैन। अझ त्यस नचिनेको वा नौलो मानिसबाट तिनीहरू भाग्नेछन्। साँच्चिकै भनौं भने तिनीहरूले त्यस मानिसको बोली पनि चिनेको हुँदैनन्।" (यूहन्ना १०:५ रूपान्तरित)।

ई.सन् ३६२मा रोमको सम्राट् जुलियनले त्यसबेला सिथिल भएको मूर्ती पूजा तथा विभिन्न देवीदेवताहरू र सृष्टिका बस्तुहरूको पूजा गर्ने चलन ल्याउने अभियान सुरू गरे। त्यस खालको धर्मले जगतका सृष्टिकर्ता परमप्रभु सनातनको परमेश्‍वरको अस्तित्वलाई ओझेलमा पार्न खोज्छ र मानिसहरूको आआफ्नै भावना अनुसार देवीदेवताहरू आविश्‍कार गरेर तिनीहरूलाई भगवान भनेर पूजा गर्दछन्। रोमी साम्राज्यमा इसाईहरूको उपस्थिति जताततै उल्लेखनीय रूपमा फैलिएको थियो। असंख्य मानिसहरू अर्थहिन परम्पराको धर्मलाई छोडेर येशूलाई पछ्यउन थालेका थिए। येशूलाई पछ्याउनेहरूको बिगिबिगि देखेर सम्राट् जुलियन र मूर्ती तथा सृष्टिलाई पूजा गर्ने धर्मगुरूहरू चिन्तित हुन थालेका थिए। एक दिन सम्राट् जुलिएनले एक जना प्रतिष्ठित मूर्तीपुजक राजपुजारीलाई यस्तो गुनासो व्यक्त गरे जसले गर्दा रोमी साम्राज्यमा इसाईहरू द्रुतगतिमा किन बढिरहेका थिए भनेर खुलासा गर्दछः “मूर्तीपूजा गर्ने पुजारीहरूले गरिब जनताहरूको वास्ता नगरेको म महसुस गर्दछु। तर हामीहरूको धर्मप्रति श्रद्धा नगर्ने गलिलीहरूले (इसाईहरू) त्यो वेवास्तालाई देखे। तिनीहरूले ती गरिबहरूलाई दया, करूणा र उदारता देखाउँदै तिनीहरूको सेवा गर्न आफूलाई समर्पित गरेको मैले थाहा पाएँ। ती इसाईहरूले तिनीहरूको मात्र होइन हामीहरूको गरिबहरूको हेरचाह गर्दछन्। हामीहरूको धर्म वा हामीहरूका धर्मगुरूहरूले हामीहरूका मानिसहरूलाई वास्ता नगरेको सबैले प्रष्ट रूपमा देखिरहेका छन्।"-रोडनी स्टार्कद्वारा *लिखित सिटिज अभ गड* (सान् फ्रानसिस्कोः हार्परकलिस् पब्लिशरस्, २००६), पृ. ३१मा उद्धृगरिएकोबाट रूपान्तरित।

इसाईहरूको प्रभु येशूलाई क्रुसमा टाँग्दा र मारिन्दा इसाई आस्था सेलाएर जानेछ भनेर रोमी शासकहरूले आशा गरेका थिए। त्यसकारण तिनीहरूले उहाँको हत्या गरे। तर त्यो आस्था सेलाउनुको सट्टा आफ्नै देश रोममा भएका अनगिन्ति रोमी नागरिकहरू येशूको पछि लाग्न थालेका थिए। आफ्ना साम्राज्यमा इसाईहरू फैलिएको समस्यालाई कसरी व्याख्या गरे त? येशूलाई पछ्याउनेहरूले मुखबाट होइन कामबाट नै उहाँको प्रेम देखाइरहेका थिए र तिनीहरूको वरिपरिरहेका मानिसहरूको आधारभूत आवश्यकताहरू पूरा गर्न अग्रसर भइरहेका थिए। त्यो अग्रसरता रोमको इतिहासमा मात्र होइन बर्तमान इतिहासमा पनि देखाउन जरुरी छ।

परमेश्वरको प्रेम र करूणाको सन्देश कुनै गद्दी वा गुफामा बसेर प्रवचनद्वारा मानिसहरूलाई मुग्ध तुल्याउने नभएर व्यक्तिगत रूपमा मानिसहरूसँगै संलघ्न भएर निश्वार्थ तवरले देखाउँदा धेरै मानिसहरू येशू जस्तै हुन चाहेका थिए। किनभने इसाईहरूले मानव जातको गरिमालाई देखाउन सफल भएकोले नै अरू मानिसहरू येशूको पछि लाग्ने अवसर पाउन उत्सुक भएका थिए।

## १ तिनीहरूले उहाँको आवाजलाई चिन्दछन् (यूहन्ना १०:१-५,१६)

यदि हामीहरू येशूका अनुयायीहरू हौं भनेर दावी गरेर देखाउन चाहन्छौं भने हामीहरू रहेको समाजमा समाजका मानिसहरूलाई कस्तो सकारात्मक र प्रेमपूर्वक सम्बन्ध राख्नुपर्छ भनेर येशूले यूहन्ना १०:१-५, १५-१६मा देखाउनु भएको छ। उहाँको स्वर सुनेर उहाँको अनुसरण गर्न कसरी सिक्ने? हेर्नुहोस्ः “१ येशूले भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्छु, (कोही मानिस) भेडाको गोठमा ढोकाबाट नपसी अरूतिरबाट पस्नेचाहिँ चोर र डाकु हो। २ गोठालोचाहिँ ढोकाबाट पस्छ। ३ उसलाई गोठ कुर्नेले ढोका खोलिदिन्छ। गोठालोले नाउँ काढी-काढी आफ्ना भेडाहरूलाई डाक्दा तिनीहरूले उसको स्वर सुन्छन् र उसले तिनीहरूलाई डोऱ्याउँदै बाहिर निकाल्छ। ४ आफ्ना भेडा सबै निकालेपछि ऊ अघिअघि लाग्छ र भेडाहरूचाहिँ पछि-पछि आउँछन् किनभने भेडाहरूले उसको स्वर चिन्छन्। ५ गोठालोबाहेक अरू कसैले बोलायो भने भेडाहरू उसको पछि लाग्दैनन्। बरु त्यसको सोर नचिनेकोले तिनीहरू डरले भाग्छन्।...१४-१६ “असल गोठालो म नै हुँ। पिताले मलाई र मैले पितालाई चिनेजस्तै म मेरा भेडाहरूलाई चिन्छु र भेडाहरूले पनि मलाई चिन्छन्। म भेडाहरूको लागि आफ्नो जीवन नै दिन पनि तयार छु। १६ अब यस गोठमा नभएका मेरा अरू भेडाहरू पनि छन् र

मैले तिनीहरूलाई पनि ल्याउनुपरेको छ। तिनीहरूले मेरो सोर सुन्नेछन् अनि मेरा सबै भेडाहरू एउटै बगाल भएर एउटै गोठालोका हुनेछन्।"

येशूतिर डोऱ्याउने मित्रले गरेको कानेखुसी अपरिचित मानिसको ठूलो स्वरभन्दा प्रभावकारी हुन्छ। हामीहरूले हामीहरूमाथि विश्वास गर्न सक्ने मित्रहरू बनाउनुपर्छ। अनि असल गोठालो येशूले (यूहन्ना १०:११,१४) हामीहरूमार्फत ती मानिसहरूले उहाँको स्वर चिन्नेछन्, उहाँलाई जान्नेछन् र उहाँलाई पछ्याउन ठाल्नेछन्।

तर अरूको निम्ति हामीहरू येशूको आवाज हुनुभन्दा अघि हामी आफैले उहाँको स्वरलाई चिन्नु जरुरी छ। सैतानको चलाकी आवाज र येशूको हामीहरूको हित चिताउने आवाजलाई छुट्याउनको निम्ति हामीहरूलाई परमेश्वरको बुद्धि र ज्ञानको आवश्यकता छ। येशू र सैतानको बीचमा भइरहेको महान् वैचारिक संघर्ष सत्यतथ्य छ भनेर हामीले कहिलै पनि बिर्सनुहुन्न। त्यसकारण हामीहरूको बीचमा सैतानका मतियारहरू वा हामीहरूका शत्रुहरू छन् जसले अरू मानिसहरू येशूबाट मुक्ति पाएर अर्थपूर्ण जीवन नबिताउन् भनेर सक्रिय भइरहेका हुन्छन्।

तैपनि अरू मानिसहरूलाई येशूको आवाजको पहिचान गराउन हामीहरूले सहयोग गर्न सक्छौं। यस प्राकृतिक संसार पापले गर्दा क्षतबिक्षत भएतापनि अझै यसमा रहेका विभिन्न बस्तुस्थितिहरूले परमेश्वरको आवाज सुनाउन सकिन्छ। पवित्र आत्मा र धर्मी मानिसहरूको प्रभावद्वारा उहाँ बोल्नुहुन्छ र उहाँको वचनले हामीहरूलाई उल्लेखनीय रूपमा बोल्नुहुन्छ। जब हामी आफैले उहाँको आवाजलाई पहिचान गर्दछौं र उहाँको त्यस आवाज अनुसार चल्न थाल्दछौं तब अरूहरूलाई पनि त्यो आवाजको पहिचान गराउन डोऱ्याउन सक्छौं। येशूले सतर्क गराउनुभएको अन्धोलाई अन्धोलाई डोऱ्याउने खालका मानिसहरू हामी हुनु आवश्यक छैन (मत्ती १५:१४)।

मानिसहरूलाई आफूतिर आकर्षित गर्ने शक्ति उहाँमा किन भयो त? त्यो किनभने येशूले निस्वार्थतरिकाले मानिसहरूको सर्वत्र हितको निम्ति आफूलाई सुम्पिनुभएकोले नै हो। हामी, उहाँका शरीर भएको हैशियतले हामीहरूको आफ्नो भाऊ खोज्ने प्रवृत्ति, अहँपना र स्वार्थपनालाई हामीहरूले पछाडि ढकेल्नुपर्छ। हामी स्वामी, मालिक वा नाइके नभएर सेवकको स्वभाव लिन सक्नुपर्छ। हामीहरूको जीवनमा उहाँलाई बस्न हामीले अनुमति दिनुपर्छ (प्रकाश ३:२०)। अनि अरूहरूले हामीहरूमा भएको येशूको आवाजलाई सुनेर उहाँलाई पछ्याउन चाहने हुन्छन्।

**जब हामीहरूले सुसमाचार प्रचार गर्छौं र अरूलाई येशूको पछि लाग्न आह्वान गर्छौं तब हामीहरूमा पनि असल गोठालो प्रभु येशूको निति अनुसार चलेको चाल अरूहरूले देख्नु अनिवार्य छ। येशूको प्रेम देखाउने स्वभावप्रति हामी सत्यवादी भयौं भने हामीहरूले सेवा गर्ने मानिसहरूको कानले येशूको आवाजलाई चिन्न सक्नेछन्। यसले समाज र चर्चमा भएको तगारोलाई पनि भत्काइ दिन्छ।**

अरूहरूले हामीहरूको सत्य र असल गोठालोको आवाज पहिचान गरुन भनेर हामीहरूबाट के के उपायहरू अपनाउन सक्छौं? सोच्नुहोस्।

२ हामीहरूले खोज्नुपर्छ (लूका १९:१०)

देहायका पदहरूले एउटै विषयबस्तुलाई जोड दिएर उल्लेख गरेका छन्। ती पदहरूले हामीहरूलाई के भनिरहेका छन्? हेर्नुहोस्: लूका १९:१० "मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।", मर्कूस १:१७ "येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका जालहारी बनाउनेछु।" , लूका ९:२ "२ उहाँले तिनीहरूलाई परमेश्वरका राज्यको प्रचार गर्न र बिरामीहरू निको पार्न पठाउनुभयो।" र प्रकाश १४:६,७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"

**धेरै वर्षसम्म एउटा एडभेन्टिस्ट चर्चका विश्वासीहरूले यो प्रार्थना गरिरहे "हे प्रभु हामीहरूको चर्चको वरिपरिरहेका छिमेकीहरूलाई हामीहरूको चर्च र तपाईंकहाँ आउन डोऱ्याउनुहोस्।" तिनीहरूले यो सम्झेकी चर्च एक ठूलो चुम्बक हो नसले अचम्म तरिकासँग मानिसहरूलाई आकर्षित गर्दछ वा तान्दछ। हो, कहिलेकाहीं मानिसहरू परमेश्वरलाई खोज्न चर्चहरूमा पस्दछन्। हामीहरूले केही नगरेतापनि मानिसहरू चर्चमा आउन सक्दछन्। तर त्यो सधैं त्यसो हुन्छ भन्ने छैन।**

**तर वर्षौंभरि प्रार्थना गर्दा पनि तपाईं रहेको समाजमा कोही पनि मानिस चर्चमा आएन भने तपाईंको चर्चले के गर्ने त? यदि तपाईंले केही नगरि केवल प्रार्थनामात्र गर्नुभयो भने मानिसहरूलाई प्रभुमा ल्याउन तपाईंले येशूको तरिका अपनाउनु नभएको देखिन्छ। उहाँले मानिसहरूसँग घुलमिल गर्नुभयो, सामाजिक क्रियाकलापमा सरिक हुनुभयो र उद्धार दिन मानिसहरूलाई उहाँले खोज्नुभयो।**

"मानिसहरू हामीहरूकहाँ आउन् भनेर हामीले पर्खिने होइन। तिनीहरू जहाँ छन् त्यहाँ हामी जानुपर्छ।...अनगिन्ति मानिसहरू छन् जसकहाँ सुसमाचार पुगेको हुँदैन यदि हामीहरूले तिनीहरूकहाँ पुऱ्यायनौं भने।"-एलेन जी ह्वाइट, *क्राइस्ट अब्जेक्ट लेसनस्,* पृ. २२९बाट रूपान्तरित।

इसाई मठ वा चर्चमा बसेर अरू मानिसहरू चर्चमा आएर परमेश्वरको बारेमा सिकुन् र उहाँलाई ग्रहण गरून् भन्ने निति बाइबलको छैन तर विभिन्न शब्दचित्र वा कथाहरूबाट मानिसहरूलाई प्रभुमा ल्याउन खोज्न जानुपर्छ भनेर बाइबलले बताएको पाइन्छः

अ. एउटा गोठाला आफ्ना ९९ भेंडाहरूलाई छोडेर एउटा हराएको भेंडा खोज्न सबै ठाउँहरूमा चहार्दछ (मत्ती १८:१०-१४)। यदि कोही विश्वासीहरू चर्चबाट भड्केर जान्छन् भने त्यसलाई खोजेर ल्याउन हामीले येशूले जस्तै प्रयास गर्नुपर्छ। हामीहरूले हप्काएर किचकिच गरेर होइन माया गरेर त्यस मानिसलाई येशूकहाँ ल्याउन खोज्नुपर्छ।

ती पदहरूले भन्दछन् कि हराएकाहरूलाई खोज्न हामी सक्रिय हुनुपर्छ। तिनीहरूलाई चर्चमा ल्याउन हामीले परिश्रम गर्नुपर्छ। कहिलेकाहीं यस्तो पनि हुनसक्छ बाटोमा कसैलाई भेटिन्छ र उसले भन्न सक्छ "मलाई परमेश्वरको बारेमा सिकाउनुहोस्। मलाई सत्य र मुक्तिको बारेमा सिकाउनुहोस्।" तर यस्तो सधैं हुन्छ भन्ने छैन।

आ एलेन जी ह्वाइटले भन्नुहुन्छ "यदि पापमा हराएकाहरूलाई खोज्न ख्रीष्टको तरिका अपनायौं भने त्यसले फल नफलाई बस्न सक्दैन।"-*मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १४४बाट रूपान्तरित। तर के हामीहरू तल तल झुकेको फललाई मात्र खोजिरहेकाछौं त? त्यसको अर्थ ती इसाईहरू हुन् जसलाई येशूका आधारभूत शिक्षाहरू थाहा छ र अरू चर्चका सदस्यहरू हुन्। तर फल टिप्न गाऱ्हो भएको फल के हो? तिनीहरू संसारमा मात्र रमाउने, नास्तिक र धर्मकर्म गरेर मुक्ति पाइन्छ भनेर विश्वास गर्ने अरू धर्मका मानिसहरू हुन्। ऐतिहासिक दृष्टिकोणले हेर्ने हो भने अरू इसाईहरूले एडभेन्टिस्ट चर्चमा साझा विश्वासको थलो भेट्टाइएको पाइएको छ। तर हामीहरूको भन्दा अत्यन्त भिन्न विश्वास भएका मानिसहरूलाई खोज्न अझ राम्रो प्रयास गर्नुपर्छ।

## ३. पुल (लूका १९:१-१०)

कतिपय चर्चहरूले सामाजिक सेवा कार्यक्रमहरू संचालन गरेको पाइन्छ। तिनीहरूमा स्वास्थ सेवा, परिवारहरूलाई व्यवस्थित गर्ने, आयव्यय योजनामा सहयोग, मानसिक तथा मनौवैज्ञानिक सहयोग आदि हुन्। तर चर्चले मानिसरहरूलाई येशूकहाँ ल्याउन कस्तो पुल बनाइरहेको छ? तर त्यो प्रश्न नभएर हामीले यो प्रश्न सोध्नु जायज देखिन्छ, त्यो पुल को हो त? त्यसको जवाफमा तपाईं आफै हुनुहुन्छ! "यदि कोही येशूको अनुयायी हुँ भनेर दावी गर्छ भने त्यो व्यक्ति मायालु र माया पाउन सक्ने हुनुपर्छ। त्यस खालको चरित्र भएको इसाईको बिरुद्धमा कोही पनि बोल्न सक्दैन बरू उसले गर्दा अरूहरू सुसमाचारतिर आकर्षित हुन सक्छन्।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. ४७०बाट भावानुवाद। जुन् चर्चले आगन्तुकहरूलाई चर्चको क्रियाकलापमा र आयोजनाहरूमा समावेश गराउँछ त्यसले मानिसहरूले चर्चतिर आकर्षित गराउँछ र परमेश्वरलाई सच्चा हृदयले प्रेम गर्ने विश्वासीहरू बन्न सहयोग गर्छ। ती खालका मानिसहरू नटुट्ने मित्रहरू बन्न उत्सुक हुन्छन्।

तर चर्चका कतिपय विश्वासीहरू यस्ता पनि छन्: अल्छि, जो आए पनि वास्ता नगर्ने, र नवआगन्तुक वा अरू चर्चका विश्वासीहरूतिर हात बढाउन भारी भएको ठान्छन्। त्यस किसिमको वेवास्ता स्वभावले अरू मानिसहरूमा तपाईंको चर्चको नराम्रो र नकारात्मक प्रभाव पर्न सक्छ। "कतिपय चर्चका विश्वासीहरूको कारणले धेरै मानिसहरूलाई सत्यतर्फ ल्याउन परमेश्वरले काम गर्नुहुन्न। चर्चमा आएर चिसो भएर बस्ने यस्ता चर्चका सदस्यहरू पक्कासँग आत्मपरिवर्तन भएका हुँदैनन्। तर त्यहाँ अरूहरू पनि छन् जो एक फेरा आत्मपरिवर्तन भएर प्रभुमा जोशिला हुन्छन् तर समय बित्दै जाँदा विश्वासबाट चिप्लिएका हुन्छन्। परमेश्वरमा समर्पित नभएका त्यस्ता विश्वासीहरूबाट नयाँ विश्वासीहरूपमा कस्तो प्रभाव पार्छ होला? उहाँका जनहरूले सम्हाल्नुपर्ने परमेश्वरको वचनको शक्तिलाई त्यस खालका विश्वासीहरूले के कमजोर बनाउँदैनन् त?"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. ३७१बाट रूपान्तरित।

जक्कै नाउँ गरेको एक जना करको हाकिमसँग सबै थोकहरू त थिए तर आफूमा केही न केही अभाव भएको उनले महसुस गरेका थिए। जब येशू उनको गाउँमा आउनुभयो तब उहाँलाई हेर्न उनी अति उत्सुक भएका थिए। त्यसबाट हामीले के आत्मिक पाठ सिक्न सक्छौं? हेर्नुहोस्: लूका १९:१-१० "१ येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। २ त्यहाँ जखायस नाउँ

भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी थिए। ३ येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड़को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। ४ तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। ५ जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" ६ तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। ७ जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" ८ जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" ९ तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। १० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"

हुलमा व्यस्त भएतापनि **मानिसहरूले येशूलाई भेट्न चाहने जाकियसलाई हुलको तगारो भत्काएर उहाँलाई भेट्न दिए भने के हुन्थ्यो होला? त्यस पापी भनेर बिल्ला लगाइदिएको मानिसलाई येशूको पाऊमा पर्न बाटो खोल्न दिएको भए कस्तो राम्रो हुन्थ्यो होला?**

**यथार्थमा यदि हामी येशूको प्रेमले भरिपूर भएर उहाँको वरिपरि भिड भएर उहाँलाई छोप्न खोजेतापनि कोही मानिस उहाँकहाँ आउन चाहन्छ भने उसलाई दिल खोलेर स्वागत गर्नेछौं होला! हामी जस्तो अरू पापीहरूमा पनि हामीमा भएको परमेश्वरको प्रेम र अनुग्रह खन्याउन कति खुशी हुन्थ्यौं होला! जखरिया जस्तो हुलबाट बाहिर रहेका मानिसहरूलाई हामीहरूको चर्चमा भित्राउन हामीले अथक प्रयास गर्नु जरुरी छ।**

जब तपाईंको चर्चमा कोही नव आगन्तुकहरु आउँछन् तिनीप्रति तपाईंको प्रतिक्रिया कस्तो हुनुपर्छ? के उनीहरुलाई भेटेर कुराकानी गर्न तपाईं इच्छुक हुनुहुन्छ? वा तिनीहरुलाई भेट्ने जिम्मा र कुरा गर्ने जिम्मा अरू कोही वा पास्टरको भनेर तपाईं चर्चबाट सुरुक्क बाहिर निस्कनुहुन्छ कि? तपाईंको जवाफले तपाईंमा हुनुपर्ने परिवर्तनलाई कसरी जगाउँछ?

## ४. येशूलाई स्वीकार गर्न आह्वान (प्रेरित २६:११-२७)

येशू र उहाँका चेलाहरूले मानिसहरूको रोगलाई निको पारिसकेपछि तिनीहरूले आफ्नो ध्यान स्वर्गको धनमा लगाइदिएका थिए। मानिसहरूलाई परमेश्वर नचिनाउनु आत्मिक रूपमा खराब बानी हो भनेर प्रचारक मार्क फिनलेले भन्नुभएको थियो। मानिसहरूको अति आवश्यक कुरामा ध्यान पुऱ्याएर नै प्रचार गर्ने तरिका येशूको थियो। मेडिकल मिसिनेरी वा स्वास्थकर्मी भएर येशूको निम्ति साक्षात्कार भएर मानिसहरूको माझमा जानु नै सुसमाचार प्रचारको औजार हो। मानिसहरूको भौतिक वा शारीरिक आवश्यकतालाई पुऱ्याउँदामात्र येशू संतुष्ट हुनुभएको थिएन। भौतिक सुविधा बाहेक अरू केहीको वास्ता नगर्ने येशूको चलन थिएन। आफुले उपलब्ध गराएको अनन्त जीवन प्रदान गर्ने लक्ष्य लिएर येशू आउनुभएको थियो। स्वास्थकर्मी भएर प्रचार गर्ने वा मेडिकल मिसिनेरीले मानिसहरूकहाँ जाँदा येशूलाई पहिला पछ्याउन आह्वान गर्दै आफ्नो काम सुरू गर्ने होइन। तर आफ्नो कामको दौरानमा धिलो होस् वा चाँडो होस्, उसको काम भनेको मानिसहरूलाई येशूतिर आँखा लगाउनु हो। जब हामीले मानिसहरूलाई स्नेह र प्रेम देखाउँछौं तब येशूले हामीबाट प्रदान गरिएको सबै थोक तिनीहरूलाई दिन हृदयदेखि इच्छुक हुनेछौं।

तर तपाईंले भन्नुहोला, “ठिकै छ, अरूलाई सेवा गर्ने येशूको तरिकाको प्रथम् भागको भूमिका म खेल्छु तर उहाँलाई पछ्याउ भनेर अरूलाई आह्वान गर्न म सक्षम् छैन। येशूको बारेमा प्रचार गर्ने क्षमता वा जिम्मा मलाई सुम्पेएको छैन।" तर यदि तपाईंको जीवनमा येशूको उपस्थितिलाई स्वीकार्दै प्रथम् भागको भूमिका तपाईंले खेल्नुभयो भने तपाईंले अचम्म तरिकाले अरूलाई उहाँको बारेमा सुनाउन थाल्नुहुनेछ। जब तपाईंले मानिसहरूको हृदयको जमिनलाई तपाईंको सेवाकार्यले मलिलो (नरम) पार्नु हुन्छ तब तपाईंले तिनीहरूको मनमा येशूतिर हुने आकर्षणको बिऊ रोपिरहेको हुन्छ।

प्रथमतः जुन मानिसहरूको सेवा गर्नुहुन्छ तिनीहरूको बारेमा जानकारी लिनुहोस्। तिनीहरूको जीवनको बारेमा चासो लिनुहोस्। अनि तपाईंमा भएको येशूप्रतिको विश्वास र उहाँले तपाईंलाई के गर्नुभयो सोको चर्चा गर्ने अवसर भेट्टाउन तपाईं तयार हुनुहोस्। आत्मिक कुराको चर्चा गर्न चनाखो हुनु होस्। तपाईंको मित्रहरूको परिवार, तिनीहरूको दैनिक काम र आस्थाको बारेमा सोधपुछ गर्नुहोस्। त्यसले गर्दा तिनीहरूले पनि तपाईंप्रति चासो देखाउन थाल्छन् जसले गर्दा तपाईंले तिनीहरूलाई येशूको बारेमा गवाही दिने अवसर पाउनुहुनेछ।

**यथार्थमा येशूले अरूलाई के गर्नुभयो भन्दा उहाँले तपाईंलाई के गर्नुभयो भनेर सुनाउन सक्नु नै प्रभावकारी तरिकाले मानिसहरूको हृदयमा पस्ने कला हो। त्यसो गर्दा तिनीहरूले तपाईंले तिनीहरूको जीवनमा हस्तक्षेप गर्न खोजेको होइन भनेर आभास् पाउँछन्। तपाईंले प्रचारबाजी गर्नुभएको होइन। तपाईंले तपाईंको केवल जीवन कहानी भनिरहनुभएको हो। जो जो येशूका अनुयायी हौं भनेर दावी गर्छन् तिनीहरूको जीवनमा उहाँले गर्नुभएको कुनै न कुनै किसिमको गवाही हुन्छ।**

प्रेरित पावलले राजाको सामु आफ्नो व्यक्तिगत गवाही दिएको प्रेरित २६मा पाइन्छ। त्यसबाट हामीले पनि अरूलाई दिनुपर्ने गवाहीको बारेमा के सिक्न सक्छौं? हेर्नुहोसः “१ त्यसपछि अग्रिपासले पावललाई भने, "अब तिमीलाई आफ्नो पक्षमा बोल्ने अनुमति छ।" पावलले पनि हात फैलाएर आफ्नो बचाउमा यसरी बोल्न थाले" २ "हे राजा अग्रिपास, यहूदीहरूले मलाई दोष लगाएको कुराको बारेमा मैले आज आफ्नो कुरा हजुरकै अगाडि भन्न पाएकोमा म आफूलाई भाग्यमानी सम्झन्छु। ३ हजुरलाई यहूदीहरूको चालचलन, रीतिरिवाज र तर्कवितर्क गर्ने कुराको बारेमा राम्ररी थाहा भएको हुनाले म आफूलाई झन् भाग्यमानी ठान्दछु। त्यसो हुँदा अब हजुरसँग बिन्ती चढाउँछु, मेरो कुरा धीरज राखेर सुनिदिनुहोला। ४ "म आफ्नो देशमा अनि यरूशलेम सहरमा यहूदी जातिको बीचमा नै हुर्किएँ। त्यसो हुँदा यहूदीहरूले मलाई बालककालदेखि नै राम्ररी चिन्दछन्। ५ पहिले म फरिसी भन्ने कट्टर धार्मिक समूहको मानिस थिएँ, त्यही कट्टर धर्मको जीवन बिताउँथें। यदि तिनीहरूले चाहे भने यो कुरा आफैंले पनि भन्न सक्छन्। ६ परमेश्वरले हाम्रा पिता-पुर्खाहरूलाई गर्नुभएको प्रतिज्ञामा नै भरोसा राखेकोले मैले आज यसरी हजुरहरूको सामुन्ने उभिनुपरेको छ। ७ हे राजा अग्रिपास, त्यही प्रतिज्ञा पाउने आशामा हाम्रा बाह्र कुलहरूले पनि दिनरात एक चित्तले परमेश्वरलाई पूजा र भक्ति चढाइरहेका हुन्। मैले पनि त्यही आशा राखेकोले यहूदीहरूले मलाई दोष लगाएका हुन्। ८ परमेश्वरले मरेकाहरूलाई बिउँताउनुहुन्छ भन्ने कुरामा तपाईंहरू किन विश्वास गर्न सक्नुहुन्न?

९ "हुन त, मैले पनि सकेसम्म नासरतको येशूको विरोध गर्नुपर्छ भन्ने सम्झेको थिएँ। १० यरूशलेममा त्यस्तै विरोध गरें। मैले मुख्य पूजाहारीहरूबाट अधिकार पाएर प्रभु येशूमा विश्वास गर्ने धेरै पवित्र जनहरूलाई थुनाएँ र उनीहरूलाई मार्ने काममा समेत सहायता गरें। ११ धेरैपल्ट मैले उनीहरूलाई "अबदेखि नासरतको येशूमा विश्वास गर्दिनँ" भन्ने पार्नलाई

सभाघरहरूमा जबरदस्ती गरेर सजाय दिन लगाएँ। म उनीहरूदेखि रिसले यति
साह्रो आगो भएको थिएँ कि अरू देशका सहरहरूमा पनि गएर मैले
उनीहरूलाई सताउन थालें। १२ "यसरी एक दिन मुख्य पूजाहारीहरूको
अधिकार र आज्ञा पाएर म दमस्कस सहरतिर जाँदै थिएँ। १३ हे राजा, त्यस
दिन दिउँसो बाटोमा जाँदैगर्दा घामको उज्यालोभन्दा पनि चहकिलो उज्यालो म
र मेरा साथीहरूमाथि पऱ्यो र हामी सबै जमिनमा पछारियौं। १४ त्यति नै खेर
हिब्रू भाषामा मैले यसो भनेको सुनें, "शाऊल, ए शाऊल, तिमी मलाई किन
सताउँछौ? तीखो सुइरोमा लातले हानेजस्तै तिमीले आफैंलाई चोट पुऱ्याउँछौ।"
१५ "प्रभु, तपाईं को हुनुहुन्छ? " मैले सोधें। अनि प्रभुले फेरि भन्नुभयो, "म येशू
हुँ, जसलाई तिमी सताउँदैछौ। १६ अब उठ, म तिमीलाई मेरो सेवक र मेरो
गवाही दिने मानिस बनाउन चाहन्छु। यसैले म तिमीकहाँ देखा परेको हुँ।
तिमीले मेरो बारे देखेका कुरा र मैले तिमीलाई पछि देखाउने कुराहरूसमेत
अरू मानिसहरूलाई सुनाउनुपर्छ। १७ म तिमीलाई यहूदीहरू र अन्य-
जातिहरूकहाँ पठाउँदै छु। तिमीलाई तिनीहरूबाट जोगाउनेछु। १८ तिमीले
तिनीहरूका आँखा खोलिदिएर तिनीहरूलाई अँध्यारोबाट उज्यालोमा र शैतानको
शक्तिदेखि परमेश्वरतर्फ फर्काउनुपर्छ र तिनीहरूले ममाथि विश्वास गर्छन् अनि
तिनीहरूको पाप मेटिनेछ र तिनीहरूले परमेश्वरका चुनिएका जनहरूको
संगतिमा बस्न पाउनेछन्।" १९ "हे राजा अग्रिपास, स्वर्गबाट देखेको यो
दर्शनलाई मैले नटेरीकन बस्न सकिनँ। २० पहिले दमस्कस र यरूशलेममा
अनि पूरै यहूदिया देशमा र अरू जातिको देशहरूमा पनि गएर मैले
मानिसहरूलाई आ-आफ्ना पापलाई मानिलिएर परमेश्वरकहाँ फर्कनु भन्ने प्रचार
गरें। परमेश्वरकहाँ फर्केको हुँ भन्ने प्रमाण आफूले गरेको कामबाट
देखाउनुपर्छ भन्दै सिकाएँ। २१ यसैले गर्दा यहूदीहरूले मलाई मन्दिरमा पक्रेर
मार्न खोजे। २२ तर आजको दिनसम्म मैले परमेश्वरबाट नै सहायता
पाइरहेको छु। त्यसैकारण म यहाँ हुनेहरू ठूला-साना सबैलाई गवाही दिँदै
उभिएको छु। अगमवक्ताहरू र मोशाले समेत पछि हुन आउनेछन् भनेका
कुराहरूबाहेक मैले अरू बढी कुरा केही पनि भनेको छैनँ। २३ मुक्ति दिनुहुने
राजा ख्रीष्टले दुःख भोगेर मर्नुपर्नेछ, उहाँ मरेकोबाट बिउँतनेहरूमा सबैभन्दा
पहिला हुनुहुनेछ र उहाँले आफ्नो उज्यालो यहूदीहरूमा पनि र अरू जातिका
मानिसहरूमा पनि फैलाउनुहुनेछ, यी कुरा त अगमवक्ताहरूले भनिसकेका
थिए।" २४ पावलले भनेको यी कुरा सुनेर फेस्तसले कराएर भने, "पावल तिमी
बौलाएछौ, तिम्रो ज्ञानले तिमीलाई बौलाहा बनायो।" २५ पावलले भने, "माननीय

फेस्तस, म बौलाएको होइनँ, म सद्धे छु र सत्य कुराहरू गर्दै छु। २६ राजा अग्रिपासलाई यी सबै कुरा थाहा छ, उहाँलाई म यी कुराहरू साहससँग भन्न सक्छु। उहाँले अवश्य यी कुराहरूमा राम्ररी ध्यान दिनुभएको छ किनभने यी कुराहरू एक कुनामा घटेका होइनन्। २७ हे राजा अग्रिपास, के हजुरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ? हो, हजुरले विश्वास गर्नुहुन्छ भन्ने कुरा मलाई थाहा छ।" २८ त्यत्तिकैमा अग्रिपासले पावललाई भने, "यति थोरै कुरोले के तिमी मलाई ख्रीष्टियान बनाउने कोसिस गर्छौ" २९ पावलले भने, "थोरै कुराले होस् या धेरैले" यी मेरा हातमा लगाइएका साङ्लाहरू बाहेक हजुर मात्रै होइन, तर हजुरहरू सबै मजस्तै भइदिए हुन्थ्यो। यही म परमेश्वरसँग प्रार्थना गर्छु।" ३० त्यतिखेर राजा अग्रिपास, बडा-हाकिम फेस्तस, बरनिकी र तिनीहरूसँग आएका सबै मानिसहरूसमेत जर्‍याक-जुरुक उठे ३१ र बाहिर जाँदा आपसमा यसो भनेर कुरा गरे, "यस मानिसले थुनिनुपर्ने वा ज्यानसजाय पाउनुपर्ने कुनै काम गरेको त रहेनछ।" ३२ अग्रिपासले फेस्तसलाई भने, "यस मानिसले रोमी महाराजाकहाँ बिन्ती चढाउन नमागेको भए त छोडिदिए पनि हुन्थ्यो नि!"

**चरणबद्ध रूपमा पावलले आफ्नो गवाही दिएको हेर्नुहोस्। येशूलाई चिन्नुभन्दा पहिले आफू कस्तो थिए भनेर उनले राजालाई सुनाएका थिए। अनि आफू आत्मपरिवर्तन भएर येशूलाई अङ्गालेको कुराको सत्य गवाही उनले दिए। र त्यसबेलादेखि परमेश्वरले उनको जीवनमा कस्तो काम गरिरहनुभएको छ भनेर सुनाइदिए। अनि उनले राजा अग्रिपा र उनलाई सुन्ने सबै श्रोतावर्गहरूलाई येशूलाई विश्वास गर्न आह्वान गरेर**

हुनसक्छ हामीहरूको कथा पावलको जस्तो नाटकिय ढङ्ग नहोला। तर तपाईंले येशूलाई किन ग्रहण गर्नुभयो भन्ने आफ्नै कथा के छ? अनि अनुकूल समयमा अरूलाई त्यो कसरी तपाईंले सुनाउन सक्नुहुन्छ?

## ५. खोज्दै गर्नु होस् तपाईंहरूले भेट्टाउनुहुनेछ (प्रकाश ३:२०)

परमेश्वरलाई खोज्नु र भेट्टाउनु भनेको के हो भनेर देहायका पदहरूले कसरी बताउँछन्? ती पदहरू एक आपसमा कसरी मिलेका छन्? हेर्नुहोस्: प्रकाश ३:२० “हेर! म ढोकामा उभिएर ढकढक्याउँदै छु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने म भित्र आउनेछु र ऊसित भोज खानेछु र उसले मसित खानेछ। म ढोकामा उभिएर घचघच्याउँदैछु।" | मत्ती ७:७-११ “७ "माग त पाउनेछौ, खोज त भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूको लागि ढोका

उघारिनेछ ८ किनभने माग्नेले पाउँछ, खोज्नेले भेट्टाउँछ र ढकढक्याउँनेका लागि ढोका उघारिनेछ। ९ के तिमीहरूमध्ये कोही यस्तो बुबा होला, जसले आफ्नो छोराले रोटी माग्दा ढुङ्गा दिन्छ? १० अथवा माछा माग्दा सर्प दिन्छ?११ यसरी तिमीहरू दुष्ट भएर पनि आफ्ना छोरा-छोरीलाई असल कुराहरू दिन जान्दछौ भने झन् स्वर्गमा हुनुहुने तिमीहरूका पिताले त उहाँसँग माग्नेहरूलाई झन् कति असल कुरा दिनुहुनेछ।" र यूहन्ना १:१२ "१२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँमाथि विश्वास गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने हक दिनुभयो।"

येशूलाई पाउन र ग्रहण गर्न मानिसहरूले हृदयदेखि चाहना गर्नुपर्छ र खोज्नुपर्छ भनेर उपरोक्त पदहरूले स्पष्ट रूपमा देखाउँदछन्। फेरि त्यसैबखत येशू मानिसहरूको हृदयको ढोकामा उभिएर ढकढक्याउँदै हुनुहुन्छ र घचघच्याए रहनुभएको छ भनेर प्रकाश ३:२०ले खुलाउँछन्। येशूले जबरजस्ती कसैको मनको ढोका खोल्नुहुन्न। आफ्नो मनको ढोका खोलेर येशूलाई आफ्नो जीवनमा भित्राउने आत्मनिर्णयको अधिकार परमेश्वरले प्रत्येक मानिसलाई दिनुभएको छ। त्यो अधिकारलाई उहाँले हस्तक्षेप गर्नुहुन्न।

माथिका पदहरू एक आपसमा बाँझिन्दैन। पवित्र आत्माको शक्ति वा प्रभावले प्रत्येक मानिसको हृदयमा काम गरिरहेको हुन्छ। मानिसहरूले महसुस नगरेतापनि उहाँले तिनीहरूलाई येशूतिर डोऱ्याइरहनुभएको हुन्छ। कतिपय मानिसहरू आफ्नो जीवनमा भएका तत्वहरूप्रति निराश भएर केही न केही खोजिरहेको हुन्छ। उपयुक्त समयमा तिनीहरूलाई येशूको बारेमा राम्रोसँग जानकारी दिएर तिनीहरूले खोजिरहेको वस्तु येशू नै हुनुहुन्छ भनेर आत्मज्ञान दिनु जस्तो शुभअवसर अरू के होला?

यो यथार्थ छ कि तपाईंकै जीवनबाट तपाईं रहेको समाजका मानिसहरूको हृदयमा येशूले घचघाइरहनुभएको हुन्छ। र कोही स्वेइच्छाले आफ्नो मनको ढोका खोलेर उहाँलाई ग्रहण गर्छ भने तिनीहरूले पनि आशिषको अनुभव पाउनेछन् (प्रकाश ३:२०, यूहन्ना १:१२)। उहाँका अनुयायीहरूलाई आफूले चाहेको उहाँको राज्यमा भएको असल बरदानहरू उहाँसँग माग्नु, खोज्नु र उहाँको हृदयको ढोकामा घचघचाउनु भनेर उहाँले आमन्त्रण गर्नुहुन्छ (मत्ती ७:७,८,११)।

यदि कोही मानिस ख्रीष्टको निम्ति आफ्नो मनको ढोका खोल्न तयार छ भनेर पवित्र आत्माले भन्नुभयो भने तपाईंले के गर्नुहुन्छ? उसकहाँ गएर तपाईंले भन्नसक्नुहुन्छ, "के म तपाईंसँग प्रार्थना गर्न सक्छु ताकि तपाईंले येशू ख्रीष्टलाई

ग्रहण गरेर उहाँको परिवारको सदस्य हुनुहुनेछ?" त्यस व्यक्तिले प्रार्थना गर्नुपर्छ भनेर देहायको प्रार्थना एक नमुना होः

"प्यारो येशू, मलाई थाहा छ कि म पापी हुँ र तपाईंको क्षमाको आवश्यकता मलाई छ। मेरो पापको निम्ति तपाईं मर्नुभयो भनेर मलाई थाहा छ। मेरा पापहरूबाट म फर्कन चाहन्छु। मेरो हृदयमा आउनुहुन र मेरो जीवनलाई सम्हाल्न मतपाईंसँग अनुरोध गर्दछु। तपाईंनै मेरो प्रभु र मुक्तिदाता हुनुहुन्छ भनेर म विश्वास गर्छु र तपाईंलाई पछ्याउँछु। येशू तपाईंकै नाउँमा यो प्रार्थना गर्छु, स्वीकार्नुहोस्। आमेन्।"

उक्त मानिस जस्तोलाई यस्तो प्रार्थना गराउन उपयुक्त समयको निम्ति हामी सबैलाई परमेश्वरको आत्मिक ज्ञान र बुद्धिको आवश्यक छ। एकदम छिट्टो यस्तो प्रार्थना गर्न कर गराउँदा त्यसले खतरा उत्पन्न गराउन सक्छ। तर त्यो प्रार्थना गर्नुपर्ने आभास् नदिंदा पनि खतरा हुन्छ। कहिलेकाहीं मानिसहरूलाई प्रेम र अठौतको आवश्यक हुन्छ । मानिसहरूको जीवनमा तिनीहरूले पाउने ख्रीष्टमा अनन्त जीवन वा ख्रीष्टबिना अनन्तको मृत्यु चिनाउनेमा हामी बीचमा खडाभएर औंल्याउन हामी खडा भइरहेका छौं भन्ने आभास् पाउनु प्रत्येक येशूको अनुयायीको कर्तव्य हो।

## उपसंहारः

थप जानकारीः यस अध्यायको बारेमा थप जानकारी लिन देहायका सामग्रीहरू पढ्नुहोस्ः भजन ७७:२०, होशे ११:४, २ कोरन्थी ५:११-२१।

एक जना युवा थियो जसले येशूलाई माया गर्थ्यो र अरूलाई उहाँको बारेमा भन्न चाहन्थ्यो। उ असल वक्ता थियो र अरूको अगाडि प्रभावकारी गवाही दिन्थ्यो। मानिसहरू उसले बोलेको सुन्न चाहन्थे र ऊ लोकप्रिय थियो। तर अरूले येशूको निम्ति निर्णय गर्न आह्वान गर्न ऊ हिचिकिचाउँथ्यो। त्यसले गर्दा चर्चका अरू विश्वासीहरूमा छक्क परेका थिए। येशूको बारेमा बोल्न र आफ्नो विश्वासको बारेमा गवाही दिन ऊ रुचाउँथ्यो। येशूलाई विश्वास गराउने काम उसको होइन भन्ने उसको भनाई थियो। उसले बिऊ छर्न चाहन्थ्यो र त्यसको कटानी अरूलाई नै गर्न लाउँथ्यो। येशूलाई ग्रहण गर्न उसले आह्वान गर्‍यो र त्यसको इन्कार गर्ला भनेर ऊ डराउँथ्यो भनेर उसले पछि स्वीकार गर्‍यो। आफू प्रभुको निम्ति असल गवाही बनेको छैन भनेर उसले सधैं महुसुस गर्थ्यो। त्यसकारण अरूले येशूलाई ग्रहण गरोस् भनेर अनुरोध गर्न ऊ

**हिचकिचाउँथ्यो। तर गवाही भनेको हामीहरूको होइन येशूको हो भनेर चर्चका अरू विश्वासीहरूले उसलाई सम्झाए।**

**हामीहरू सिद्ध भएर गवाही दिन नसकौंला तर हामीहरूले प्रार्थनापूर्वक र मायाले अरूहरूलाई येशूतिर औंल्याउन सक्छौं। पवित्र आत्माको काम हामी गर्न सक्दैनौं। मानिसहरूले येशूलाई ग्रहण गर्न निर्णय गराउने काम पवित्र आत्माको हो। तर हामी मानविय भाँडो हुनुपर्छ जसमा ख्रीष्टको प्रेमले हामी भरियौं र अरूलाई पनि उक्त प्रेम बाँड्न सकौं।**

**चिन्तनमननः**

अ. येशूलाई ग्रहण गराउने हिचकिचाउनेलाई तपाईं के भन्नुहुन्छ?

आ. "सही वा सत्य ज्योतिले यस संसारमा आउने प्रत्येक मानिसमा चम्किन्छ" भनेर यूहन्ना १:९मा उल्लेख गरेको छ। प्रत्येक मानिसलाई येशूको मुक्तिको सन्देश पुऱ्याउनुपर्छ भन्ने सन्देश उपरोक्त पदले हामीलाई कसरी देखाउँछ?

इ. जब कोही तपाईंको चर्चको ढोकामा कोही नयाँ मानिस वा अपरिचित मानिस आयो भने तपाईंले उसलाई मित्रताको हात बढाउन कतिको इच्छुक हुनुहुन्छ? त्यस मामिलामा तपाईंले आफूलाई कसरी सुधार्नुहुन्छ?

ई. कोही अपरिचित मानिस बाटोबाट तपाईंको चर्चमा पसेको अन्तिम समय कहिले हो? चर्चले त्यसलाई कसरी हुल्यायो?

उ. तपाईंले येशूलाई ग्रहण किन गर्नुभयो र उहाँले तपाईंलाई व्यक्तिगत रूपमा के गर्नु भयो सो को गवाही तपाईंसँग छ कि?